ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष:२६ ॥ अंक: ०२ ॥ शनिबार ३० जेठ २०८३ ॥ त्रयोदशी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Saturday 13 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-

## मृतक चार जनाको खुल्यो पहिचान



सन्देश संवाददाता

काभ्रे/वीपी राजमार्गअन्तर्गत् काभ्रेको नमोबुद्ध नगरपालिका-२, बुच्चाकोटमा भएको बस दुर्घटनामा मृत्यु भएका चार जनाको पहिचान खुलेको छ । पहिचान खुलेका मृतकमध्ये नेपाली सेनाका एक अमलदारसमेत छन् ।

प्रहरीका अनुसार मृत्यु हुनेमा रोशी गाउँपालिका-७ की ३४ वर्षीया फूलमाया तामाङ, रोशी गाउँपालिका-६ का ७५ वर्षीय इन्द्रबहादुर झाँक्री, रोशी गाउँपालिका-८ की ६० वर्षीया प्यारी माया तामाङ र दैलेखका ३० वर्षीय बमबहादुर भण्डारी छन् । भण्डारी नेपाली सेनामा अमलदार पदमा कार्यरत् रहेको जनाइएको छ । शुक्रबार दिउँसो भएको उक्त दुर्घटनामा बस सडकबाट करिब ३ सय मिटर तल खस्दा ८ जनाको घटनास्थलमा मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए । अन्य मृतकहरुको पहिचान गर्ने कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# हेटौंडाबाट सारेर रास्वपा बागमतीको निर्वाचन आज



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बागमती प्रदेश अधिवेशनमा प्यानलगत् प्रतिस्पर्धा गर्ने गरी प्रदेश नेताहरुले आन्तरिक छलफल सुरु गरेका छन् । बागमतीको पहिलो अधिवेशनमा नयाँ नेतृत्वका लागि शनिबार मतदानको समय तोकिएको छ। मकवानपुरको हेटौंडामा २६ जेठमा उद्घाटन भइ मतदान प्रक्रिया सुरु नगरी स्थगित गरिएको अधिवेशनको स्थान काठमाडौंमा सारिएको छ।

आज (३० जेठ) का लागि मतदानको समय तोकिएको छ । सभापतिका लागि चार जनाको उम्मेद्वारी परेको छ। सभापतिमा डा. अच्युतम् लामिछाने, उत्सव अर्याल, हरिबहादुर खत्री र कृष्णमान श्रेष्ठको उम्मेद्वारी परेको छ । सभापतिका आकांक्षी देखिएका बदन भण्डारीले भने उम्मेद्वारी दर्ता गरेनन्।

प्रदेश तहका एक नेताका अनुसार चार उम्मेद्वारमध्ये डा. लामिछाने र अर्यालबीच मुख्य प्रतिस्पर्धा हुनेछ । लामिछाने हाल सभापति छन् भने अर्याल प्रवक्ता हुन्। सभापतिका आकांक्षी भण्डारीले उम्मेदवारी नदिएर डा. लामिछाने लाई सघाउने आन्तरिक सहमति भएको ती नेताले दाबी गरे। उनी भन्छन्-अच्युतम् र उत्सवबीच मुख्य प्रतिस्पर्धा हुने हो। सभापतिमा बदनले उम्मेद्वारी नदिएपछि अच्युतम्लाई लाभ हुने देखिएको छ।

रास्वपा स्रोतका अनुसार अच्युतम् र बदनबीच अघोषित सहमतिसमेत बनिसकेको छ । सभापतिमा अच्युतम् निर्वाचित भएपछि नयाँ आउने पदाधिकारी बदनलाई बनाउने गरी आन्तरिक छलफल भएको जानकारी गराइएको छ।

अधिवेशन र भावी पदाधिकारी बारे भइरहेको छलफलबारे एक प्रदेश सदस्यले भने-अच्युतम्को टिमबाट बदन र सुरेन्द्र भट्ट महामन्त्रीका आकांक्षी हुन्। एउटालाई उपसभापति र अर्कोलाई महामन्त्री बनाउने गरी सहमति जुट्छ। भट्ट हाल बागमती महामन्त्री छन् । काभ्रे-२ बाट निर्वाचित भण्डारी सार्वजनिक मामिला विभागका सचिवसमेत रहेका छन्।

डा. रमेश ढकाल र हाल सहमहामन्त्री राधिका तिमिल्सिना उपसभापतिका आकांक्षी छन् । कोषाध्यक्ष मेनुका ठकुरी महामन्त्रीको आकांक्षी छन्। ठकुरीले भनिन्-पहिले सभापति र सदस्यहरुको चुनाव हुनुपऱ्यो। पदाधिकारीमा उठ्ने बारे त्यसपछि छलफल हुन्छ। रास्वपाको विधानअनुसार पहिलो चरणमा प्रदेश सभापति र प्रदेश सदस्यको निर्वाचन गर्नुपर्दछ। दोस्रो चरणमा पदाधिकारीका लागि छुट्टै मतदान गर्नुपर्ने व्यवस्था विधानमा छ । प्रदेश सभापतिमा निर्वाचित हुनका लागि कुल सदर मतको ५० प्रतिशत् मत कटाउनु पर्दछ। खसेको मतको बहुमत कसैको पक्षमा नभएमा पहिलो र दोस्रो स्थान मत ल्याउने बीच पुन प्रतिस्पर्धा हुनेछ। प्रदेश सभापतिको प्रतिस्पर्धामा २५ प्रतिशत् मत कटाउने निकटतम् प्रतिस्पर्धीलाई स्वत: प्रदेश सदस्य हुने व्यवस्था छ।

प्रदेश समितिमा सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष प्रवक्ता १/१ र सहमहामन्त्री २ जना (फरक लिंग) हुने गरी पदाधिकारी गठन गर्ने व्यवस्था छ । सात पदाधिकारीमध्ये कोषाध्यक्ष र प्रवक्तालाई प्रदेश सभापतिको सिफारिसमा प्रदेश समितिले मनोनीत गर्ने व्यवस्था छ।

रास्वपा विधानअनुसार बागमती प्रदेश समिति ६५ सदस्यीय हुनेछ। निर्वाचन आयोगका अनुसार प्रदेश अधिवेशनका लागि १ हजार ३ सय बढी प्रतिनिधि छनौट भएका थिए।

पार्टी समयोजनका क्रममा चार सय बढी प्रतिनिधिविरुद्ध उजुरी परेको हुँदा समाधानका लागि मतदानको समय पर सार्नु परेको निर्वाचन आयोगले जानकारी गराएको छ । शनिबार हुने मतदान प्रक्रिया विद्युतीय माध्यमबाट हुनेछ।

## रोकिए राजनीतिक सल्लाहकार



सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामालाई बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय प्रवेशमा रोक लगाइएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

जनताका योजना लिएर मन्त्रालय पुगेको जानकारी मन्त्री प्रभात लामा र सचिवालयलाई गराउँदा पनि बेवास्ता गरिएको उनको गुनासो छ। लामा प्रदेश सरकारका पूर्वप्रमुख राजनीतिक सल्लाहकारसमेत हुन्। नेपाली कांग्रेस मकवानपुरका सभापति लामालाई आफ्नै दलको नेतृत्वमा रहेको बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयमा डेढ घण्टासम्म प्रवेश गर्न अवरोध गरिएको छ।

लामाका अनुसार उनले आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङलाई पूर्वजानकारी गराएर मन्त्रालय पुगेका थिए। तर, मन्त्रालय प्रवेशका क्रममा डेढ घण्टासम्म सुरक्षाकर्मीले उनलाई भित्र जान नदिएको उनले बताएका छन् । लामाले विरोध जनाएपछि अर्थमन्त्री तामाङ र खानेपानी मन्त्री समिर तामाङले उनलाई मन्त्रालय भित्र लैजान पुगेका थिए। घटनापछि मुख्यमन्त्री इन्द्र बानियाँसमेत मन्त्रालय पुगेर विषयबारे जानकारी लिएका थिए।

# बृहत् नि:शुल्क स्वास्थ्य शिविर आज



सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा आज जेठ ३० गते एक दिने बृहत् नि:शुल्क स्वास्थ्य शिविर आयोजना हुने भएको छ। हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ स्थित क्वीक ट्वान्टी पार्टी प्यालेसमा विहान ८ बजेदेखि बेलुका ४ बजेसम्म शिविर सञ्चालन हुन लागेको हो।

हेटौंडा-४ नम्बर वडा कार्यालयको मुख्य आयोजना तथा नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुर शाखाको सहआयोजनामा शिविर हुन लागेको हो। शिविरलाई सफलतापूर्वक सम्पन्न गर्न मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले विशेष प्राविधिक सहयोग गरेको छ भने टोलविकास संस्था नगर समन्वय समिति हेटौंडाले सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी सम्हालेको छ। शिविरमा विशेषगरि मुटुरोग, स्त्रीरोग र क्षयरोगसम्बन्धि विशेषज्ञ सेवाहरु प्रदान गरिनेछ।

स्वास्थ्य परीक्षणका क्रममा बिरामीहरुका लागि भिडियो एक्सरे, ईसीजी, इको सेवा, सुगर र लिपिड प्रोफाइल चेकजाँच, छातिको एक्सरे तथा दमजाँच (पीएफटी) जस्ता महंगा सुबिधाहरु पूर्णरुपमा नि:शुल्क उपलब्ध गराइनेछ। महिलाहरुको पाठेघरको सामान्य जाँच र पाठेघरको मुखको क्यान्सरको समेत विशेष परीक्षण गरिने बताइएको छ। शिविरमा जनरल फिजिसियन सेवा उपलब्ध हुनुका साथै चिकित्सकको सिफारिसबमोजिम बिरामीहरुलाई ७ दिनका लागि आवश्यक पर्ने औषधिसमेत नि:शुल्क वितरण गरिनेछ । वडा अध्यक्ष नवीन सिग्देलले नागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर बृहत् कार्यक्रम ल्याइएकाले अस्पतालसम्म सहज पहुँच नभएका र आर्थिकरुपमा विपन्न सर्वसाधारणलगायत सम्पूर्ण लाई शिविरमा उपस्थित सेवाको उपयोग गर्न आग्रह गरेका छन्।

# अस्पताल न्यूनतम सेवा मापदण्ड कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा



सन्देश संवाददाता

हेटौंडा/ बागमती प्रदेशको राजधानी हेटौंडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पताल न्यूनतम सेवा मापदण्ड कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा देशकै उत्कृष्ट अस्पताल बन्न सफल भएको छ । सेकेण्डरी 'बी' लेभलका अस्पताल हरूमध्ये हेटौंडा अस्पतालले ९५ प्रतिशत अंक प्राप्त गर्दै देशकै प्रथम भएको हो ।

बागमती प्रदेश स्वास्थ्य निर्देशनालयद्वारा आयोजित 'न्यूनतम सेवा मापदण्ड तथा क्लिनिकल अडिट मापन' मा सेकेण्डरी 'बी' लेभलका अस्पतालहरूमध्ये हेटौंडा अस्पतालले ९५ प्रतिशत अंक प्राप्त गरेको अस्पताल व्यवस्थापन समितका सदस्य एवम् प्रवक्ता उत्सव चौलागाईले जानकारी दिए।

सुशासन तथा व्यवस्थापन, चिकित्सकीय सेवा र फोहरमैला लगायतका वस्तुहरूको व्यवस्थापन अन्तर्गत पर्ने सहयोगी सेवाका आधारमा हरेक वर्ष न्यूनतम सेवा मापदण्ड कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गरिन्छ। यो वर्ष पनि देशभरका अस्पतालहरूमा गरिएको मूल्याङ्कनमा सेकेण्डरी 'बी' लेभलका अस्पतालहरूमध्ये हेटौंडा अस्पतालले सबैभन्दा बढी ९५ प्रतिशत अङ्क ल्याएको उनले जानकारी दिए।

प्रदेशको स्वास्थ्य निर्देशनालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को पछिल्लो प्रतिवेदनअनुसार बागमती प्रदेशका अन्य मुख्य सेकेण्डरी 'बी' लेभलका अस्पतालहरूमध्ये भक्तपुर अस्पताल ९३ प्रतिशत अङ्कसहित दोस्रो र त्रिशूली अस्पताल ८६ प्रतिशत अङ्कसहित तेस्रो स्थानमा रहेका छन्। यसैगरी धादिङ अस्पतालले ८० प्रतिशत, सिन्धुली अस्पतालले ७५ प्रतिशत र बकुलहर रत्ननगर अस्पतालले ७१ प्रतिशत अंक प्राप्त गरेका छन्।

कार्यसम्पादन मापनको निर्देशिका अनुसार ८६ प्रतिशतदेखि १०० प्रतिशत अंक ल्याउने संस्थालाई 'उच्च गुणस्तरीय सेवा' प्रदान गर्ने अस्पतालका रूपमा वर्गीकरण गरिन्छ। बागमती प्रदेश सरकारले हेटौंडा अस्पताललाई ३०० बेडमा स्तरोन्नति गरेपश्चात् सेकेण्डरी 'बी' समूहअन्तर्गत गरिएको यो दोस्रो मूल्याङ्कन हो।

अस्पतालले आफ्नो सेवाको दायरा फराकिलो बनाउँदै आधुनिक उपकरण, दक्ष जनशक्ति र चुस्त व्यवस्थापनका कारण स्वास्थ्य सेवाको गुणस्तरमा ठूलो फड्को मारेको उनले जानकारी दिए ।







यौनकथा :

# शराबी हिम्मत



✍तारिणीप्रसाद कोइराला

हिजो उसकी बहिनी कलकत्ता गई। त्यसकारण आज ऊ घरमा एक्लो छ । उसलाई कुनै किसिमको बाधा दिने, उसले गर्न लागेको काममा हात समाउने कोही छैन। आज यति फुक्का छ कि जे गरे पनि गर्न सक्दछ, जस्तो उत्पात पनि मच्चाउन सक्दछ। राती १२ बजे भात खाए पनि रोक्ने कोही छैन्- ऊ रातभर बाहिर बस्न पनि सक्तछ अथवा रातभरि लेखपढ गर्न पनि सक्दछ। दश बज्नासाथ बत्तीको मेन स्विच निभाइदिने बहिनी आज छैन र अझ १५ दिन नभई फर्किन्न। यसबीचमा ऊ जे पनि गर्न सक्तछ।

जे पनि ?-अरे ! त्यसो भए शराब किन नपिउनु ? कसले देख्दछ र ? नोकरचाकर माथि आउन्नन्, अनि जाडोको राती नौ बजे को यस्तो अभागी होला जो ऊसँग भेट गर्न आउँछ ? आइहाले भने पनि ऊ चुकुल लगाएर पिउँदछ- ढोका ढक्ढकाउलान् तबसम्म बोतल, गिलासलाई सुरक्षित ठाउँमा लुकाउन सकिहालिन्छ नि। अब रह्यो मुखको दुर्गन्ध-त्यो पनि एक चक्की एम्लेक्स खायो भने केही सेकेन्डभित्र सारा दुर्गन्ध हराइ हाल्दछ। यस्तो मजेदार स्वच्छन्द मौका कहिले आउला र।

उसले आफ्नो सुत्ने कोठाको आलमारी खोल्यो र पुस्तकको ठेलीपछिल्तिर सुताएर राखेको ओल्ड ओरिज्वल ह्विस्कीको बोतल निकाल्यो । अनि ओभरकोटभित्र लुकाएर बैठकमा गयो। बैठकभित्र पस्नुभन्दा पहिले उसले बरण्डाबाट बोलायो-"ए तल को छ हँ ?" अनि ऊ भित्र पस्यो।

एकछिनमा विमली तलबाट आई । उसले बोतललाई काउचमुनि लुकाइसकेको थियो, त्यस कारण निर्धक्क भएर उसले तरुनी केटीलाई हेऱ्यो, र एक टम्बलर पानी र एउटा गिलास ल्याउने आज्ञा दिन मुख उघारेको मात्र के थियो कि बैठकमा एक्लै उभिएकी बिमली तरुनी र राम्री छ भन्ने एक्कासि उसलाई बोध हुन गयो र आज्ञा दिने साटो विमलीलाई हेरेर मुस्कुराइदियो। अनि पो उसलाई लाग्यो कि नोकर्नीको अगाडि उसले उच्छृंखल भएर मुस्कुराउनु नपर्ने । बिमलीले किञ्चित् लाज मानेर टाउको निहुरिएको शिरले मुस्कुराई क्यार ! उसले राम्ररी देखेन।
"जाऊ एक टम्बलर पानी र एउटा गिलास लिएर आऊ।"

आज्ञा पाउनासाथ विमली त हिंडिहाली तर अरुणको मगजमा अनेकौं कुरा खेल्न लागे। यो कोही नभएको सुनसान घरमा-जहाँ ऊ जे पनि गर्न सक्छ-छब्बीस वर्षको कुमार अरुणले एउटी तरुनीलाई बैठकमा पायो-एक्लै। तर, ऊ कस्तो गोज्यांग्रो रहेछ कि उसले विमलीलाई खुरुक्क जान दियो । यदि उसले त्यो केटीको हात समाएको भए ऊ केही पनि विरोध गर्दिनथी; बहिनी आएपछि ऊ कुरा लगाइदिन्थी कि के ठेगान ? तर जवानीको उकुसमुकुस त्यो केटीमा पनि त थियो होला जस्तो अहिले अरुणमा छ।

विमली अठार वर्षकी अविवाहिता । के उसमा कामवासना उठ्दैन र ? उसलाई पनि थाहा छ नि कि आज घरमा कोही छैन। तलका नोकरहरूलाई के पत्तो कि कतै कुनै किसिमको बदमासी नगर्ने मालिकले आज विमलीलाई बैठकमा ...। ऊ कति कमजोर रहेछ कि राती नौ बजे त्यसमा पनि जब बहिनी घरमा छैन- जब कोही पनि घरमा छैन, त्यस्तो स्वच्छन्द मौकामा विमलीलाई उसले अँगालो हालेर आफ्नो हृदयको ज्वाला शान्त गर्न सकेन। पुरुष भएर पनि ऊ कस्तो निर्धो ? उसले आफैलाई धिक्कार्यो।

अहँ, अब ऊ कमजोर हुन्न। जब विमली पानी लिएर आउँछे ऊ अवश्य नै यस्तो मौका खेर फाल्नेछैन। तर कहीं पहिलेको जस्तो कमजोर हुने पो हो कि ? उसलाई ख्याल भयो कि शराब पिएपछि मानिसको दुर्बलता हराउँछ। त्यस कारण विमली पानी लिएर आउनुभन्दा पहिले शराब पिउनु पर्दछ। सायद साहस आइहाल्छ कि ?

उसले हत्तपत्त काउचमुनि लुकाएको बोतल निकाल्यो र बिर्को उघारेर बोतलबाटै मुखभरी-भरी दुई घुट्को पियो। सुक्खा ह्विस्कीको चर्को जलन र दुर्गन्धले उसले मुख बिगारेर पोलेको छातीलाई हातले थिच्यो। तर कस्तो आश्चर्य कि पलभरमा नै उसलाई नयाँ उत्साह र नयाँ साहस उत्पन्न भयो। उसलाई यस्तो लाग्यो कि संसार अचानक रमाइलो हुनगएछ र यो उन्मादमा ऊ जे पनि गर्न सक्दछ।

त्यस अप्राकृतिक मादकमा उसले सोच्यो कि अब विमली आउली र टम्बलर र गिलासलाई टेबिलमा राख्न कोठाभित्र पस्ली, ठीक त्यही बेला जब ऊ टेबिलनिर पुग्छे, ऊ ढोकाको छेस्कनी लगाइदिनेछ। के यति गरेपछि पनि ऊ अरुणको भाव नबुझली त ? ऊ त्यति केटाकेटी त छैन कि त्यति मामुली कुरा पनि नबुझोस्। अनि उसको अनुहारको आकृतिबाट थाहा भइहाल्छ नि कि ऊ चाहन्छे अथवा चाहन्न। नचाहने त कुनै कारण छैन। अरुण राम्रो छ, जवान छ, अरुण अविवाहित छ- त्योबाहेक उसको मालिक। नजाने कहिलेदेखि ऊ यस्तै दिनको प्रतीक्षामा होली।

लौ... आई विमली। उसले बरन्डामा हिंडेको आवाज आयो । अरुण तम्तयार भयो तर शराबले ल्याएको बनावटी उत्साह खस्किन्न किन होला ? अहँ, ऊ निध हुँदैन। निर्धो। निर्धो भएर यो सुवर्ण औसर उम्काउन्न। कोठाभित्र पस्नासाथ ऊ विमलीलाई भन्नेछ "टेबिलमा राख।" तर' जति-जति ऊ सोच्दै छ, जति-जति ऊ रसिलो कल्पना गर्दैछ उति उति उसको हिम्मत टुटेको जस्तो उसलाई लाग्दैछ। यो किन ? लौन किन उसलाई यस्तो हुँदैछ ? त्यस कारण शराबबाट उत्पन्न भएको उन्मादको शृंखला नटुटोस् भन्नाको निम्ति विमली आइपुग्नुभन्दा पहिले नै हतारिएर उसले अप्राकृतिक मधुर स्वरमा भन्यो- "बिमली ?"

"म हजुर, म दिले" भन्दै दिलबहादुर बैठकको ढोकामा उभियो। अरुण निराश भयो। एक मनमा त लाग्यो कि यो सब नोकरचाकरहरूको जालसाजी हो। विमलीले अरुणको मनको कुरा बुझेर गिलास र पानी दिलेको हातमा पठाइछ। तर, उसको हात खाली थियो । उसले मालिकको मानेभावनामा असन्तोष देखेर घबडाएर भन्यो- "जिउनार कहिले ठीक गरूँ हजुर ?" "एकछिनपछि म आफैं भनुँला।" अलि झस्किएझैं अरुणले भन्यो।

अनि जब दिले बाहिर निस्क्यो, अरुणको सारा शरीरमा शराबको नशा रन्किएर आयो। उसलाई चाहना भयो कि नशाको जोस चरम चुलीमा पुगेकै बेला विमली आओस् अनि मात्र ऊ विमलीलाई समाउन सक्तछ र आलिङ्गनमा आबद्ध गरेर उसको मुखमा आफ्नो मुख टाँसी...

अहो... कल्पनाले नै ऊ कहालिन लाग्यो। 'कस्तो भरिलो रातो र सधैं भिजिरहने ओठ त्यो मोरीको ! यसै बेला ऊ आई भने ? उसमा कुनै शिथिलता आउँदैन-शराबले उसको अङ्ग प्रफुल्ति छ, अङ्ग अङ्गमा उत्ताउलो उन्माद व्याप्त छ।

बरन्डामा मधुरो पगध्वनि सुनियो-विमली आई र जसै पैतालाको आहट नजिकै आउँदै गयो, अरुण सोच्दै गयो- 'ऊ टाउको निहुराएर भित्र पस्छे, आफ्ना ठूला आँखालाई सास्ती दिएर आँखी भुइँनेर ल्याई ऊ मालिकलाई हेर्ली। गिलास र टम्बलर लिएको हुँदा उसका दुवै हात बोझिएको होलान्। त्यसबेला यदि अरुणले गिलास लिने सिलसिलामा गिलासको बदला पाखुरा समायो भने ? त्यसो गर्दा विमलीलाई मन पर्दैन कि ? के ठेगान ? आखीभुइँ खुम्च्याएर "मलाई यस्तो एकजात मन पर्दैन अरुण बाबू" भन्ने पो हो कि ?'

तर कल्पना गर्दा किन मन शिथिल हुन खोज्दै छ ? किन शराबको उत्साह र जोस सेलाउँदै छ ? के ऊ यो सुवर्ण मौका पनि मानसिक दुर्बलताले गर्दा सित्तैंमा खेर फालिदिन्छ त ? एक घुट अरू पिउनुपर्ने पो हो कि ? तर अब समय छैन; ऊ आई, लौ आइसकी-आई-आई।. विमली त्यस्तै गरी भित्र पसी, जस्तो अरुणले कल्पना गरेको थियो। गिलास र टम्बलर लिएकोले दुवै हात बोझिएको, टाउको निहुरिएको र ठूला-ठूला आँखाले छड्के पारेर अरुणलाई हेरेकी,- र अनि उसको दाहिने निधारमा त्यो के हो नि ?- कपालको सानो गुच्छा ?-ओ हो... कस्ती राम्री, कति सलक्क परेकी, कति बान्की मिलेको जीउ र कति सुकुमारी ! नोकर्नी पनि यस्ती राम्री !

अरे !... यो के हुन लाग्यो ? छातीको सप्को किन चिप्लिन खोज्दैछ ? कुन हातले ऊ सप्को ठीक गरोस् ? एउटा हातमा गिलास छ, अर्कोमा टम्बलर। दुवै हात बोझिएकोले त्यसलाई मुक्त गराउन ऊ सकभर चाँडो टेबिलनेर आउँदैछे। कस्तो भरिलो रहरलाग्दो छाती। र, कति गोल गोल पुष्ट ! के अब ऊ तमासा मात्रै हेरिरहोस् ? अब यसरी चुप लागेर बसिरह्यो भने उसले यस्तो मौका गुमाउँछ। यसैबीचमा विमलीको रेसमी सप्को खस्यो । उसले लाज मानी। विमलीको खसेको सप्कोले अरुणलाई मौका दियो हिम्मत देखाउने। अरुण जुरुक्क उठ्यो र सारा हिम्मत बटुल्दै अत्यन्त दृढ भएर ऊ विमलीको अगाडि बाटो छेक्तै उभियो र मुस्कुराउँदै भन्यो- "म सप्को ठीक गरिदिन्छु। तिम्रा हात बोझिएका छन्।" विमलीले सप्को मिलाउन दिई। सप्कोले छाती छोप्तै पछिल्तिर पिठ्यूँमा छोडिदिने क्रियामा अरुणको औंलाले विमलीको छातीमा छ्वास्स छोयो। विमलीलाई त केही भयो या भएन तर अरुणको शरीरमा भने मानो बिजुलीको करेन्ट दौडिएजस्तो भयो। सारा अङ्ग रमाइलो उत्तेजनाले सिरिङ्ग गऱ्यो।

कुरा यत्तिकैमा टुङ्गियो भने त उसले यतिन्जेल बनाएको सबै कार्यक्रम यहीं समाप्त हुन्छ। त्यस कारण जब विमलीले टेबिलमा पानी र गिलास राख्न लागी, अरुणले सुरुमा निश्चय गरेको काम गऱ्यो याने सुस्तरी भित्रबाट उसले ढोका बन्द गरेर छेस्कनी लगाइदियो। विमलीले जान लाग्दा बन्द ढोकालाई देखी अनि अरुणलाई हेरी। विमलीको आँखामा प्रसन्नता थिएन। मन नपरेको झैं उसको आँखीभुइँ खुम्चिएको थियो। यस्तो गर्ली भन्ने यस बेला अरुणले सोचेकोसम्म थिएन। यो देखेर अरुणको शराबको नशा मानो अचानक उत्रियो । डरले आफूलाई अत्यन्त शिथिल, कमजोर र दोषी अनुभव गऱ्यो। तर, यतिमा नै के ऊ हताश होओस् ? के यतिले नै कल्पनाको सपना चूर भयो त ? के आइमाईहरूले एक पटक स्वीकार गरेनन् भन्नासाथ कवै स्वीकार नगर्लान् त ? विमली ढोकानिर पुगी र छेस्किनी खोल्न लागी; अरुण घबडायो । सुरुक्क जान दियो भने यस्तो राम्रो मौका हातबाट उम्किन्छ। दिएन भने उत्रिन लागेको शराबको नशामा त्यो शक्ति छैन कि ऊ पाखुरा समाएर उसलाई रोकोस्। साहस मर्दैछ, हिम्मतमा शिथिलता आउँदैछ। के गरोस्। -लौन, ऊ त जान लागी। के सुरुसुरु उसलाई जान दियोस् त ?

शायद शराबको मात्रा कम भएछ क्यार ! ऊ उठ्यो, सोफामुनिबाट बोतल निकाल्यो र गिलासमा अन्दाजी चार औंस जति रक्सी एकै पटक हालेर पानी मिसाई घटघट पियो !... आखिर त्यो नोकर्नी त हो नि !- कस्तो लुते रहेछ कि एउटी जाबो नोकर्नीसँग पनि डरायो। कस्तो नामर्द अरुण ! मर्द भएर पनि नामर्द। एक त म मर्द झन् त्यसमा पनि मर्दाङ्गी ल्याउन उसले शराब पिएको रे-र कमजोर भने यति कि आफ्नी नोकर्नीलाई एकान्त कोठामा पाउँदा पनि केही गर्न सकेन। गर्न त परै जाओस्, बाहिर नजा भनी रोक्नसम्म सकेन। छि:...छि : शराब शराब

उसले यति बढ्ता पिइसकेको थियो कि अब कुनै शक्तिले पनि उसको शराबी साहसलाई हर्न सक्तैन। यस बेला उसकी बहिनी नै आए पनि उसको होस ठीक रहन सक्तैन क्यारे ! यति ज्यादा शराब उसले कहिले पनि पिएको थिएन। टाउको घुम्न थाल्यो, घर रिंगाउन लाग्यो, होस खतम हुँदैछ ... खतम हुँदैछ ... कोठा फनफनी ... घुम्दैछ .... विमली .... कस्ती राम्री... छाती.... अरे। ढोकामा त विमली पो उभिएकी.... छ... दुइटा विमली... नौवटा विमली... असङ्ख्य विमली-राम्री विमलीहरु।

## मकवानपुरमा आज

१: १: मकवानपुर महिला उद्यमी व्यवसायी संघ मकवानपुरको आयोजनमा महिला उद्यमीहरुको व्यवसाय प्रवर्द्धन तथा रोजगार मेला २०८३ बिहान ९:०० बजेदेखि मोटल एभोकाडोमा।

२: हेटौंडा उपमहानरपालिका ४ नम्बर वडा कार्यालयको आयोजनामा बृहत निशुल्क स्वास्थ्य शिविर बिहान ९::०० बजेदेखि क्विक टवान्टि पार्टी प्यालेसमा।

## तपाईंको आज

**मेष** — अवसरका लागि केही त्याग गर्नुपर्ला। तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ। कामको चाप बढ्नेछ कमजोरी अनुभूति हुनेछ।

**बृष** — विभिन्न उपहार प्राप्त हुने समय देखिन्छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

**मिथुन** — प्रयत्न गर्दा व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ। आय आर्जनका नयाँ स्रोतसमेत फेला पर्ने आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ।

**कर्कट** — पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। विभिन्न अवसर पनि आउनेछन्। परिस्थितिअनुसार चल्न नसक्दा पछि परिने योग छ।

**सिंह** — प्रेमको बन्धन कसिनेछ भने अतिथिका रूपमा सत्कार प्राप्त हुनेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ।

**कन्या** — केही कठोर निर्णय लिनुपरे पनि टाढिएका आफन्त नजिकिनेछन्। भेटघाट र खानपानमा समय व्यतीत हुनेछ नयाँ कामको प्रस्ताव आउनेछ।

**तुला** — स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ

**बृश्चिक** — रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला। मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछन्।

**धनु** — शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ

**मकर** — अरूलाई समय दिँदा आफू पछि परिनेछ। अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत् धन जुटाउन सकिनेछ।


**कुम्भ** — प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ।

**मिन** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ


## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com


# प्रकृति पूज्नुछ



✍ चेतप्रसाद पौडेल
(सैपुले साहिंलो)

**पाँचोटा**
**गुरुको**
**सबैले**
**बुझेमा।**
**॥१॥**
**हुनेथ्यो**
**कल्याण**
**सदैब**
**पूजेमा।**
**॥२॥**
**प्रथम**
**गुरुहो**
**जलत्यो**
**भनेर।**
**॥३॥**

**द्वितीय**
**त्यो हावा**
**जीवन**
**बनेर।**
**॥४॥**
**तृतीय**
**आचार्य**
**प्रकाश**
**लौ आज।**
**॥५॥**
**जगत**
**बुझेर**
**मानव**
**समाज।**
**॥६॥**

**चतुर्थ**
**गुरुका**
**पृथिवी**
**भरिमा।**
**॥७॥**
**आकाश**
**पाँचौ हो**
**बढाइ**
**गरिमा।**
**॥८॥**
**एउटै**
**शव्दमा**
**प्रकृति**
**भनिन्छ।**
**॥९॥**

गुरुको चाहना आवश्य बुझ्नुछ।
समस्त शिष्यले प्रकृति पूज्नुछ॥

गीत :

# दैलोमा गजबार लगाइदियौ

✍ श्रमिक बराल

मैले हिंड्ने बाटोभरि काँडेतार लगाइदियौ
मेरो खुसीको दैलोमा गजबार लगाइदियौ।
।।
खुल्न खोज्ने झ्यालहरू थुनिदियौ तिमीले
उज्यालोको किरण नै छेकिदियौ हत्केलाले।
।।
पर्खाल लगाउने तिम्रो बानी कहिले मेटिएला ?
जिन्दगीको सारलाई कसले बुझाइदेला ?
।।
हाँसो बोकी आएको थिएँ, आँसु बगाइदियौ
मेरो जिन्दगीको दैलोमा गजबार लगाइदियौ।
।।
विश्वासका कुन्युहरू आफैं किन जलायौ ?
नजिकिँदै थिएँ म त दूरी किन बढायौ ?
।।
ताल्चा लगाउने तिम्रो बानी कहिले सुध्रिएला ?
साँचो माया के हो भनी कसले बुझाइदेला ?
।।
फूल रोप्न आएको थिएँ, काँडा रोपिदियौ
मेरो जिन्दगीको दैलोमा गजबार लगाइदियौ।
।।
काँडेतार चिरेर म कहिले बाहिर निस्कुँला ?
पर्खालहरू हटेपछि कहिले म मुस्काउँला ?
।।
आकाशको कालो बादल कहिले हराउला ?
बादल फाटी उज्यालाले कहिले चुमिदेला ?
।।
मेरो सानो संसारलाई किन रित्तो बनाइदियौ ?
मेरो जिन्दगीको दैलोमा गजबार लगाइदियौ।

कविता :

# लाहुरेलाई एक रोगी



✍पारिजात

**१ जीवन साथी**
धेरै धेरै प्यार
मलाई लाग्छ यी स्वतन्त्र उड्ने
मलेवाहरूको घाँटीमा
एउरा हृदय उनेर पठाउँ
एउटा प्रेम-पत्र झुन्ड्याएर पठाउँ
एक पल्ट दोहोऱ्याउँ
शताब्दी अघिको प्रेमको भावुकता
तर आजको सीमा रेखा
कुन स्वतन्त्र चराले उड्न पायो र ?
यो कुँजिएको अस्तित्व
कुन सुस्केराले विश्वको हावामा
बिसाउन पायो र ?

**२. प्रिय**
हेर्नै नपाई आँखाबाट ओझेल
भएको तिमीलाई
बोल्नै नपाई टाढा भएको तिमीलाई
मस्तिष्कमा उभ्याउने
यथेष्ट साधन नै छैन
राकेटको उडानले कल्पनालाई
ढिला बनाइसकेछ क्यार
मानचित्र राखेर उड्दा उड्दै पनि
दुर्घटनामा परिदिन्छ मेरो आतुरता
।।
अ बम अब म
सात समुद्र पार गरेर आउँदिनँ
तिमीलाई यहीं म मेरै चौतारीमा हेर्छु
किनभने शरीरसंगै मेरो मस्तिष्क पनि
सीमित भएको छ
शीला पत्थरमा गौतमी जस्तै

**३.प्रिय**
प्रेम एक मृगतृष्णा
प्रेम एक चखेबाको लोभ
मेरो निम्ति प्रेम एक
निर्जीव सत्य
मानौं फाकाकुलको तिर्खा
मानौं घामलाई प्रेम गर्दा गर्दै सूर्यास्तमा
जाम परेको क्रीसो,
।।
यो नश्वर शरीर
यो अनन्त चाहना
तर, प्रेम दुई शरीरको मिलन
तिम्रा अंगालोभित्र म
मृत्युलाई छेकाबार हालिरहेछ
इच्छाको ताँती प्रत्येक रात-
अंह, म मेरा मिठा सपनाहरूलाई
हेर्दै पोल्दै गर्दैछु

**४. प्रिय**
तिमीले लेखेका थियौ
'म तिम्रो बेलेटको तस्वीरमा मुस्कुराउँछु रे ?'
तिमी मलाई पाएर हराउन चाहन्थ्यौ रे
मेरो सम्झनापत्रले तिमीलाई ?
'फिनिक्स'ले भै' बिउँझाउ छ रे ?
मेरो मायाँ बटवृक्षको मायालु छायाँ रे
तिमीलाई ? आह !
यी सब इतिहासबद्ध भइसक्यो
।।
कसरी मैले बाँचेको थाहै नपाई
एक लामो अवधि बिताइसकेछु
अब तिमी अवश्य पाउँछौ मलाई
'फिनिक्स'लाई झै आफ्नै खरानीमा
जुनी फेरेको होइन
तर भन्न नपाई मनको कुरा
सधैं सधैंको निम्ति सुतेको निन्द्रामा

**५.प्रिय**
म मरिसकें
तिम्रो प्रेमलाई आफूसंग जलाई सकें,
गाडिसकें म सुतिसकें
सुत्नेको निम्ति छँदैछ चिर निद्रा
तर बाँच्ने तिमी त भोलि ब्यूँझन्छौ
नयाँ घामसंगै तिमी नरुनू संघर्षलाई
व्यंग्य गर्दै तिमी मान्छौ ?
।।
कति बलियो थियो मेरो अन्त्य
जसले अनन्तको एक हिस्सा चोइटाएर लग्यो
कति बलियो मेरो मृत्यु
जसले अमरत्वलाई नै अधमरो बनाएर गयो
प्रेम मर्दैन तर यसलाई मार्न पर्छ
मेरो अन्त्य जस्तै तिन्नो सुरु
पनि बलियो हुनुपर्छ।
।।
अब यहाँ आउँछ यो पत्रको शेष
मेरो प्रेमको शेष
तिम्रो 'फिनिक्स'को शेष
जीवनसाथी तिमीलाई
मेरो सबै प्यारको अवशेष

गजल :

# होला आमा



✍रामबहादुर पाली बोगटी

घरखेत लाने बाढी-पहिरो,
उर्ली आउने खोला आमा।
पोहोर जस्तै यसपालि नि,
सताउने त होला आमा।
।।
आकासमाथि बादल लागी,
गड्याङ गुडुङ हुँदाखेरि
सपनीमै झस्काएर,
जगाउने त होला आमा।
।।
कतै घरखेत, कतै मान्छे,
कतै कतै गाँवै भनि
शहरभरी एकछिन हलचल,
मच्चाउने त होला आमा।
।।
बाँचेजति गोरु-बाखा,
लालाबाला बोकीकन
दुई-चार महिना सुकुम्वासी,
बनाउने त होला आमा।
।।
बाबा फर्के परदेशबाट,
शहरतिरै बसाई सर्ने
यस वर्ष नि यस्तै सपना,
सजाउने त होला आमा।
।।
घरखेत लाने बाढी-पहिरो,
उर्ली आउने खोला आमा
पोहोर जस्तै यसपालि नि,
सताउने त होला आमा।

# स्वर्गजस्ता ठाउ

इलामको माइपोखरी, डुङ्गा सवार गर्दै।
वरिपरि किवी खेती, स्वाद मिठो फेर्दै॥
।।
जिन्दगीको बहारमा तिमीसँग खेल्दा।
प्रकृति नै रमाउँछ, हाम्रो जोडी मिल्दा॥
।।
काली तिमीलाई देख्दा मनै, तिल्मिलाउँदै गयो।
भ्याउपोखरी, चियाबारी, घुम्दा भेट भयो॥
।।
थुम्केडाँडा, सिद्धिथुम्का, सूर्यास्त देखियो।
टाढैबाट सन्दकपुरले माया पोखिदियो॥
।।

गजल :

# तिम्रै खुसीका निम्ति



✍रामशरण गैरे

तिम्रै खुसीका निम्ति, जिन्दगीको दाउ हारेँ मैले।
मनका सबै चाहनाहरू, एक-एक गरी मारेँ मैले।
।।
हरपल खुसी देख्न पाऊँ, सधैं रमाएको हेर्न पाऊँ
तिम्रो सपनाका लागि, मनको मझेरी बारेँ मैले।
।।
बेहोशीमा बर्बराउँदै तिम्रै नाम जपिरहन्छु म
देख्छ्यौ कि तिमीले आँसु, लुकाएरै झारेँ मैले।
।।
यस्तो लाग्छ जिन्दगीमा, तिमी छैनौ केही छैन
जसोतसो बाँच्नैको लागि, अन्तै हल नारेँ मैले।
।।
थाहा पाउँछु तिम्रो हाल, अचेल अरू कसैबाट
बदनाम हौली तिमी भनी, अन्तै डेरा सारेँ मैले।
।।
कुनै दिन नआओस् है मलाई सम्झी रुनुपर्ने
खुसी खोज्दै तिम्रो, यो जीवन सखाप पारेँ मैले।

# मनको कुरा बुझाउँनै सक्दिनँ

✍ प्रमोद सुवेदी

मनको कुरा बुझाउँनै सक्दिनँ
उसैले आफैं बुझे'नि हुन्थ्यो नि।
।।
आँखाको भाषा बुझ्छन् कि
आँखा सञ्जोगले नजर जुधे'नि हुन्थ्यो नि।
।।
बलियो उसको मनको ढोका
खोलेर भित्र म पसूँ कसरी ?
मनको दैलो उघारी आफैं
उसैले भित्र थुने'नि हुन्थ्यो नि।
।।
यो मुटुभित्र उसकै छ चित्र
खोलेर छाती म देखाऊँ कसरी ?
थापेर कान छातीमा मेरो
उसैले धड्कन सुने'नि हुन्थ्यो नि।
।।
हजारौं आँखा उसमाथि पर्दा
पीडाले जल्दै म बाँचूँ कसरी ?
मान्छेहरूको बीचमा आज मलाई
नै उसले चुने'नि हुन्थ्यो नि।

# चेतावनीपछि धमाधम बक्यौता बुझाउँदै उद्योग



काठमाडौं/औद्योगिक क्षेत्रभित्रका भौतिक संरचना प्रयोग गरेबापत् महसुल बुझाउन अटेर गरेका उद्योगले कारबाही गर्ने सरकारको चेतावनीपछि धमाधम बक्यौता बुझाउन थालेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले सात दिनभित्र बाँकी महसुल नबुझाए कानुनअनुसार बक्यौता रकम असुलउपर गर्ने चेतावनी दिएपछि १० औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगले महसुल बुझाउन थालेका हुन् ।

औद्योगिक क्षेत्रमा सञ्चालनमा रहेका उद्योगहरुले पछिल्लो सूचनाका आधारमा एक करोडभन्दा बढी बक्यौता भुक्तानी गरिसकेका लिमिटेडका सूचना अधिकारी वासुदेव सोडारीले जानकारी दिए । सरकारको स्वामित्वमा रहेको लिमिटेडले जेठ २५ गते सूचना जारी गर्दै उद्योगलाई सात दिनभित्र बक्यौता रकम बुझाउन निर्देशन दिएको थियो । ३ सय बढी उद्योगले महसुलबापत् ८८ करोडभन्दा बढी बक्यौता तिर्न बाँकी छ । उद्योगमन्त्री गौरीकुमारीले उद्योगीले तिर्नुपर्ने बक्यौता तत्काल असुल गर्न निर्देशन दिएकी थिइन् । लिमिटेडका अनुसार पाटन औद्योगिक क्षेत्रका उद्योगले १० करोड १० लाख, बालाजुका उद्योगले ४३ करोड ८९ लाख, हेटौंडाका उद्योगले २० करोड ९० लाख, धरानका उद्योगले ७१ लाख र पोखरा औद्योगिक क्षेत्रका उद्योगले चार करोड ४१ लाख महसुल तिर्न बाँकी छ।

बुटवल औद्योगिक क्षेत्रका उद्योगले चार करोड ५७ लाख, नेपालगञ्जकाले एक करोड ३४ लाख, वीरेन्द्रनगरका उद्योगले छ लाख, भक्तपुरका उद्योगले एक करोड ७१ लाख र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रका उद्योगले ६३ लाख बक्यौता तिर्न बाँकी रहेको लिमिटेडले जनाएको छ। उद्योगीबाट बक्यौता नउठ्दा औद्योगिक क्षेत्रका पूर्वाधार निर्माण तथा मर्मत र उद्योगलाई प्रदान गर्ने सेवासुबिधा उपलब्ध गराउन कठिनाइ भइरहेको लिमिटेडले जनाएको छ। औद्योगिक क्षेत्रमा सम्झौताअनुसार स्थापना भएका उद्योगले कार्यालयबाट उपलब्ध जमिन, भवन, विद्युत् र पानी लगायत सेवा प्रयोग गरेबापत् नियमित बुझाउनुपर्ने महसुल बुझाउन पटकपटक ताकेता गर्दा पनि अटेर गरेको लिमिटेडले जनाएको छ ।

सूचनापछि उद्योगीहरु कार्यालयमा बुझ्न आउने र विस्तारै बक्यौता तिर्नेको संख्या बढेको छ । 'थोरै बक्यौता भएका उद्योगले महसुल बुझाउन थाल्नुभएको छ,' उनले भने । बक्यौता रकम धेरै भएका उद्योगले पनि महसुल व्यवस्थापनमा जुटेका छन् । 'उद्योगहरुले स्टेटमेन्ट लिएर जानुभएको छ । महसुलमा छुट पाए हुन्थ्यो भन्ने उद्योगीको भनाइ छ,' सूचना अधिकारी सोडारीले भने- बक्यौताको जरिवाना नलिने व्यवस्था गर्न उहाँहरुले आग्रह गर्नुभएको छ । कतिपय उद्योगीले धरौटीका रुपमा राखिदिनु भनेर बक्यौता भुक्तानी गरिरहेका छन् ।

*कसरी बाँकी रहृयो करोडौं रकमको बक्यौता ?*

औद्योगिक क्षेत्र व्यवस्थापनले २०७५ मंसिर ५ गते सञ्चालक समितिले सबै औद्योगिक क्षेत्रहरुको भाडावृद्धिको निर्णय गरेको थियो । व्यवस्थापनले वृद्धि गरेको भाडा बढी भएको भन्दै उद्योगीहरुले उक्त विषयलाई तालुक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रवेश गराए । त्यसबेला औद्योगिक क्षेत्र व्यवस्थापनले उपत्यका र बाहिरका औद्योगिक क्षेत्रमा फरकफरक दरमा भाडावृद्धि गरेको थियो । उपत्यकाबाहिर मासिक आठ हजार भाडावृद्धि गरी १६ हजार पुऱ्याइएको थियो । बालाजु औद्योगिक क्षेत्रमा १६ हजार रहेको भाडावृद्धि गरी ८१ हजार प्रस्ताव गरिएको थियो ।

प्रत्येक वर्ष पाँच प्रतिशत् भाडावृद्धि गर्ने निर्णय गरिएको थियो। देशभरका औद्योगिक क्षेत्रमा करिब ७ सय बढी उद्योग सञ्चालित छन् । उद्योगीको गुनासो सम्बोधन भन्दै तत्कालीन समयमा उद्योग मन्त्रालयले भाडावृद्धिको निर्णय रोक्न व्यवस्थापनलाई निर्देशन दियो । मन्त्रालयको निर्देशनसँगै बोर्डले भाडावृद्धिको निर्णय स्थगन गरेको सूचना अधिकारी सोडारी बताउँछन् । उक्त विषय अध्ययन गरेर मन्त्रालयले चार वर्षपछि भाडावृद्धिलगायत सम्पूर्ण अधिकार सञ्चालक बोर्डको भएको जनाउँदै त्यससम्बन्धि निर्णय ठीक छ भनेर २०७८ मा फिर्ता गरेको थियो ।

२०७९ असार २२ गते सञ्चालक समितिले पुन: उक्त भाडादर २०७५ साउन १ गतेदेखि लागु गर्ने निर्णय ठीक भएको र सोही मितिदेखि महसुलको बिल गर्नू भन्यो ।

सोहीअनुसार लिमिटेडले २०७५ साउनदेखिको बिल उद्योगीहरुलाई पठायो । उद्योगीहरुले पुरानो महसुल तिर्न नसक्ने र बिल भएको मितिपछिको रकममात्र तिर्न सकिने बताए । महसुल विवाद बढ्दै गएपछि नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ उच्च अदालत पाटन पुगेको थियो । महासंघले दायर गरेको रिटमा अदालतले वृद्धि गरेको भाडा उठाउन लिमिटेडको नाममा फैसला गऱ्यो । त्यसपछि उद्योगीहरु सर्वोच्च अदालत पुगेको सूचना अधिकारी सोडारीको भनाइ छ । सर्वोच्चले २०८१ चैत १२ गते सोसम्बन्धि मुद्धामा फैसला गर्दै २०७५ साउन १ देखि भाडावृद्धिको दर ठीक रहेको र २०७९ असार २२ गते (बिल गरेको मिति) देखि असुल गर्न लिमिटेडलाई निर्देशन दियो ।

सोही फैसलामा प्रत्येक पाँच वर्षमा महसुल पुनरावलोकन गर्ने व्यवस्थातर्फ सचेत गराउँदै एक महिनाभित्र महसुल पुनरावलोकन गर्न परमादेश भएको सोडारीले सुनाए । २०८२ पुस २५ गते सञ्चालक समितिले उक्त फैसलाविरुद्ध पुनरावलोकनमा जाने निर्णय गऱ्यो ।

असार १२ गते उक्त मुद्धाको पेसी तोकिएको छ । फैसला कार्यान्वयनका गर्दा महसुलबापत् १६ करोड घाटा हुने भएपछि सञ्चालक समितिले पुनरावलोकनमा जाने निर्णय गरेको थियो। उद्योग महासंघले पनि औद्योगिक व्यवस्थापन सञ्चालक बोर्डमा पुनरावलकोनसम्बन्धि निवेदन फिर्ता लिएर २०८१ चैत १२ को फैसला कार्यान्वयन गर्न प्रस्ताव गरेको उनले जानकारी दिए।

उद्योग महासंघ अध्यक्ष एजाज आलमले महसुल बक्यौता विवाद सम्बन्धि समस्या समाधान गर्न उद्योगी आतुर रहेको बताए । मुलुकमा औद्योगिक वातावरण बनाउन उक्त पुनरावलोकनको मुद्धा दुवै पक्षले फिर्ता लिई सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न आफूहरुले आग्रह गरेको उनले सुनाए ।

औद्योगिक क्षेत्रको सम्पूर्ण पूर्वाधार निर्माणका लागि ठूलो र कम आवश्यक पर्ने भएकाले उद्योगीलाई विवाद भएको समयको भाडाबापत् रकम धरौटीका रुपमा

# 'द्रुतमार्गको बेरुजु फस्यौंटमा प्राविधिक उल्झन'



काठमाडौं/नेपाली सेनाका सेनापति अशोकराज सिग्देलले नेपाली सेनाले चालु आर्थिक वर्षमा बाँकी रहेको बेरुजुमध्ये ६० प्रतिशत् फस्यौंट गर्ने लक्ष्य राखेकोमा हालसम्म पनि ११ प्रतिशत्मात्र पूरा भएको बताएका छन् । 'नेपाली सेनाअन्तर्गत् वर्षौंदेखि विभिन्न शीर्षक र क्षेत्रगत्अन्तर्गत् र हँदै आएको पाँच अर्ब ३० करोड बढीको बेरुजु छ,' उनले भने- काठमाडौं-तराई/मधेस द्रुतमार्गअन्तर्गत् बेरुजु फस्यौंटमा केही प्राविधिक उल्झन छ । बाँकी रहेका बेरुजुलाई आवश्यक प्रक्रिया पूरा गरेर टुंगो लगाउने प्रयत्न गरिरहेका छौं । उनले चालु आवको असार मसान्तसम्म करिब १५ प्रतिशत् बेरुजु फस्यौंट गर्ने लक्ष्य राखेको बताए।

सार्वजनिक लेखा समितिले बेरुजुका विषयमा देखिएको नीतिगत् तथा व्यवहारिक समस्याबारेको छलफलमा उनले यस्तो बताएका हुन् । प्रतिनिधिसभा सार्वजनिक लेखा समितिको शुक्रबारको बैठकमा छलफलमा समिति सभापति भरत बहादुर खड्काले विभिन्न सरकारी निकायसँग बेरुजुको विषयमा आवश्यक जानकारी दिएर बेरुजु फस्यौंटका लागि आवश्यक नीतिगत् तथा कानुनी सुधार गर्नुपर्ने आवश्यकता औंल्याए ।

'विभिन्न सरकारी निकायसँग रहेको बेरुजुको अवस्थाको विषयमा समितिको बैठकमा जानकारी लिएका छौं,' उनले भने-सरोकारवाला निकायबाट आएका बेरुजुको समस्याको विषयमा घनिभूत छलफल गरेर बेरुजु न्यूनीकरणका लागि प्रभावकारी गृहकार्य गरेर घटाउनेतर्फ अग्रसर हुनेछौं ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले साविकको कृषि मन्त्रालयतर्फ छ अर्ब ३५ करोड बेरुजु रहेकोमा हालसम्म ४० दशमलव २८ प्रतिशत् फस्यौंट गरेको बताए । उनले साविकको वन मन्त्रालयतर्फ पनि ५६ करोड बेरुजु रहेकोमा १६ प्रतिशत्मात्र बेरुजु फस्यौंट गरेको बताए। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव बिनोदकुमार भट्टराईले मन्त्रालयअन्तर्गत् असुलउपर गर्नुपर्ने बेरुजु दुई सय छ रकममात्र रहेको बताए । 'कानुन मन्त्रालय अन्तर्गत् गत आवमा बेरुजु शून्य छ। यद्यपि, हाल मन्त्रालयसँग अति नै न्यून रकम भएकाले पनि यही आवभित्र बेरुजु रकम शून्य बनाउनेछौं।

संघीय संसद् सचिवालयका सचिव डा. रोजनाथ पाण्डेले सघीय संसद् सचिवालयको बेरुजु रकम दुई करोड ४० लाख ६१ हजार रहेको उल्लेख गर्दै सांसद्हरुको उपचार खर्चमा रकम दाबी गर्ने समय अघिल्लो आर्थिक वर्ष र भुक्तानी चालु आर्थिक वर्षमा हुँदा पनि संसद् सचिवालयसँग बेरुजु देखिएको बताए। परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले मन्त्रालयअन्तर्गत् रहेका विभिन्न निकायसँग तीन अर्ब आठ करोड रकम बेरुजु रहेको उल्लेख गर्दै चालु आवको अन्त्यसम्म ४३ प्रतिशत बेरुजु रकम फस्यौंट गर्ने योजना रहेको बताए । 'मन्त्रालयमातहत निकायसँग रहेको बेरुजु हालसम्म ३० प्रतिशत् फस्यौंट भइसकेको छ,' उनले भने। सर्वोच्च अदालतका रजिष्ट्रार भद्रकाली पोखरेलले सर्वोच्च अदालतमातहत रहेका बेरुजु रकम फस्यौंटका लागि आवश्यक कार्ययोजना अघि बढाएको जानकारी दिए।

युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा. दीपक काफ्लेले मन्त्रालयमातहत ९९ करोड बेरुजु रहेकोमा २२ प्रतिशत् फस्यौंट गरेको जानकारी दिए । 'मन्त्रालय मातहत रहेको वैदेशिक रोजगार बोर्डमातहतमा मात्र करिब ५५ करोडभन्दा धेरै बेरुजु छ,' उनले भने-मन्त्रालयमातहत सिनियर म्यानेजमेन्ट टिमको बैठकमार्फत् बेरुजु फस्यौंटको विषयमा नियमित छलफल गर्दै आइरहेका छौं । विज्ञानप्रविधि तथा नवप्रवर्तन मन्त्रालयकी सचिव प्रमिला बज्राचार्यले साविकको विज्ञानप्रविधि मन्त्रालयमातहत करिब १७ करोड ९३ हजार बेरुजु रहेको बताइन् । सूचना तथा सञ्चार मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले मन्त्रालयमातहत विभिन्न शीर्षकमा ३० अर्ब २९ करोड रकम बेरुजु रहेकोमा पाँच दशमलव ६४ प्रतिशत् अर्थात् एक अर्ब ६५ करोड फस्यौंट भएको बताइन् ।

उनले सबभन्दा धेरै बेरुजु भने दुरसञ्जार प्राधिकरणमातहत १६ अर्बभन्दा धेरै रहेको उल्लेख गरिन् । रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले मन्त्रालयमातहत रहेको बेरुजु चालु आवमा करिब ३० प्रतिशत् फस्यौंट गर्ने लक्ष्य राखेको बताए । महालेखा परीक्षकको ६३ औं प्रतिवेदनअनुसार सात खर्ब ५५ अर्ब १७ करोड बेरुजु छ ।

## छिटो विधेयक मस्यौदा पठाउनुस्

# सुशासन प्रणाली पूर्णरूपमा भत्किन सक्छ

काठमाडौं/सरकारले एकै पटक करिब १५ हजार निजामती कर्मचारीलाई बिदा गर्ने तयारी गरेको छ । यसका लागि कानुन मन्त्रालयले निजामती सेवा विधेयकको मस्यौदामा काम गरिरहेको छ, जसमा एक पटकका लागि कार्यान्वयन हुने गरी छुट्टै प्रावधान राखिएको छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको निजामती सेवा विधेयकको मस्यौदामा यस व्यवस्था समावेश गरिएको छ भने स्रोतका अनुसार यसबारे बिहीबार कानुन मन्त्रालयमा छलफलसमेत भएको थियो ।

मस्यौदामा भएको प्रावधानअनुसार ऐन जारीपछि लागु हुने मितिमा ५५ वर्ष उमेर पूरा भएका वा सेवाअवधि ३० पूरा हुने कर्मचारी (एक पटकका लागि) बिदा गर्न लागिएको हो। केही समयभित्र संघीय निजामती सेवा ऐन ल्याउने तयारीमा रहेको सरकारले अनिवार्य अवकास योजनाअन्तर्गत् राखेको यस नयाँ व्यवस्था पारित भए करिब १५ हजार कर्मचारी बिदा हुनेछन्। हरेक वर्ष २ देखि ३ हजार कर्मचारी अवकास हुने गरे पनि यस पटक एकै पटक करिब १५ हजार कर्मचारीलाई बिदा गर्ने सरकारले तयारी गरेको हो । यसका लागि करिब २० अर्ब आवश्यक पर्ने देखिएको र त्यसका लागि अर्थ मन्त्रालयले सहमति जनाइएको बताइएको छ । तर, यसबारे अर्थ मन्त्रालयका अधिकारीले भने केही बोल्न चाहेनन् ।

सरकारको यस कदमप्रति कर्मचारी वृत्त भने असन्तुष्ट देखिएको छ । कर्मचारीहरु उक्त प्रावधान ऐनमा नआउने दाबी गरिरहेका छन्। लोकसेवा आयोगले पनि सरकारको उक्त प्रावधान मान्ने देखिंदैन । पूर्वसचिव गोपीनाथ मैनाली पनि आफूहरुले सरकारले यसो गर्ने कल्पना पनि नगरेको र यस्तो गल्ती नगर्ला भन्ने पक्षमा रहेको बताउँछन्। 'सरकारले यस्तो निर्णय गर्नै सक्दैन। म त यो बाहिरी हल्लामात्र हो भन्छु । राज्यको लगानी भएको र प्रशिक्षित त्यतिका धेरै कर्मचारीलाई बिदा गर्नु भनेको राज्यसञ्चालनमा नै समस्या निम्त्याउनु हो,' मैनाली भन्छन्- यसरी निजामती कर्मचारी संरचना बिथोल्दा अरु कर्मचारीमा पनि त्रास फैलिन्छ। यसले सरकारको सुशासन प्रणाली पूर्णरुपमा भत्किन सक्छ ।

*नत्र अध्यादेशबाट ऐन*

सरकारले निजामती विधेयक यही बजेट अधिवेशनमा पारित गर्ने तयारी गरेको छ । हाल कानुन मन्त्रालयमा रहेको मस्यौदा र रायसुझावसहित सामान्य प्रशासन मन्त्रालयमा पुगेपछि त्यसलाई आवश्यकताअनुसार मिलाउने र मन्त्रिपरिषद्मा लैजानुपर्ने हुन्छ । यसका लागि केही समय लाग्ने देखिन्छ । तर, निजामती विधेयक मन्त्रिपरिषद्ले सोझै स्वीकृत गर्नसक्ने अवस्था भने छैन । यसका लागि मन्त्रिपरिषद्ले लोकसेवाको राय सुझाव लिनैपर्ने हुन्छ। उता, लोकसेवा आयोग विधेयकका अन्य प्रावधानमा सकारात्मक देखिए पनि अनिवार्य अवकाशको उक्त प्रावधान मान्ने पक्षमा छैन । सरकारले लोकसेवा आयोगको रायलाई बाइपास गर्नसक्ने भए पनि सरकार आयोगसँग भिड्ने पक्षमा छैन । यदि उक्त विधेयक संसद्मा दर्ता भए पनि पारित हुन कम्तिमा २ देखि ३ महिना लाग्ने देखिन्छ ।

संसदीय प्रक्रियाबाट विधेयक अघि बढ्दा समय लाग्ने देखिएपछि अध्यादेशबाट भए पनि ऐन ल्याउने सरकारको तयारी छ । हाल बजेट अधिवेशन चलिरहेको छ भने असार ८ गते बजेट पारित गर्ने कार्यतालिका छ । त्यसपछिको कार्यसूची तय भएको छैन । यदि संसदीय प्रक्रियाबाट विधेयक पारित गर्न असहज हुने र समय लाग्ने देखिए बजेट पारितपछि अधिवेशन समाप्त गर्ने र अध्यादेशबाट ऐन ल्याउने सरकारको योजना छ । असारभित्र कर्मचारीलाई बिदा गर्ने सरकारको तयारी भएकाले अध्यादेश आउने सम्भावना बढी देखिन्छ । यस विषयमा एक पूर्वसचिवले भने-नराम्रो कामका लागि त सरकारले अध्यादेश ल्याइहाल्छ नि । नयाँ आर्थिक वर्षदेखि कर्मचारीको तलबवृद्धि हुने भएकाले त्यसको भार कम गर्न पनि आर्थिक वर्ष सुरु हुनुअगावै कर्मचारी कटौती गर्ने सरकारको तयारी छ। सरकारले यसरी कटौती गरिएका कर्मचारीको ठाउँमा नयाँ भर्ना खुलाउने छैन ।

*मस्यौदा पठाउन आग्रह*

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले बनाउनुपर्ने कानुनको मस्यौदा गर्न मन्त्रालयहरुलाई अनुरोध गरेकी छन्। बिहीबार भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल र महिला, बालबालिका, लैंगिक तथा यौनिक अपसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीसहित दुवै मन्त्रालयका अधिकारीसँग मन्त्रालयले तयार गर्नुपर्ने विधेयक मस्यौदाको विषयमा छलफल भएको थियो। सोही क्रममा मन्त्री गौतमले छिटो विधेयक मस्यौदा गर्न अनुरोध गरेकी हुन् ।

'संसद्लाई बिजनेस दिन सबै मन्त्रालयले काम गर्नुपर्ने भएकाले छिटो विधेयक मस्यौदा गरेर पठाउनुस्,' मन्त्री गौतमले भनिन् । मन्त्रीहरुले तयारी गरिरहेको भन्दै छिटै विधेयकको सूची पठाउने प्रतिबद्धता जनाएका थिए । बैठकमा आगामी आर्थिक वर्षमा मन्त्रालयले संसद्मा पेस गर्ने विधेयकहरुको सूची समयमै अन्तिम गरी पठाउने तथा प्रत्येक विधेयकको स्पष्ट समयरेखा निर्धारण गर्ने विषयमा छलफल भएको थियो। मन्त्री गौतमले आगामी आर्थिक वर्ष २०८३/०८४ मा संघीय संसद्मा पठाउने विधेयकको सूची तयार पार्न अन्य मन्त्रालयसँग छलफल गर्ने तालिका तय गरिएको छ ।

हतारमा कानुन निर्माण नगरी गुणस्तरीय कानुन निर्माणमा जोड दिनुपर्नेमा पनि छलफल भएको थियो। मन्त्री गौतमले हतार नगरी कानुन निर्माणमा पर्याप्त गृहकार्य गर्दा कार्यान्वयन सहज हुने तथा अस्पष्ट वा परस्पर विरोधाभाषी कानुनले राज्यको समय, श्रमशक्ति र स्रोतको अनावश्यक खर्च गराउने तर्फ ध्यानाकर्षण गराइन् ।

















आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउन हुन्छ । स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०१६५८०, ९८४५०३१३४७

# हटाइयो बैंक खाता छोरीको: सुरक्षा जीवनभरको

सन्देश संवाददाता



सुर्खेत/विगत सात वर्षदेखि नीति तथा कार्यक्रममा समेटिँदै आएको *बैंक खाता छोरीको: सुरक्षा जीवनभरको* कार्यक्रम कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमबाट हटाएको छ। प्रदेश सरकारले जेठ २० गते प्रदेशसभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा उक्त कार्यक्रम समावेश गरिएन। कर्णाली सरकारले आर्थिक वर्ष २०७६/०७७ देखि उक्त योजना सञ्चालनमा ल्याएको थियो।

कार्यविधिअनुसार २०७६ साउनपछि जन्मिएका प्रत्येक छोरीको बैंक खाता खोलिने र त्यसमा सरकारले रकम जम्मा गर्ने व्यवस्था छ। खाता खोल्दा एक हजार र त्यसपछि खातावाला २० वर्ष नपुग्दासम्म मासिक पाँच सय जम्मा गर्नुपर्ने प्रावधान छ। यद्यपि, आर्थिक वर्ष २०७९/०८० देखि कार्यक्रमलाई प्रभावकारी बनाउन छुट्टै ऐन बनाउने तयारी गरिएको भन्दै यसको कार्यान्वयन रोकिएको थियो। कार्यान्वयन नभए पनि अघिल्ला नीति तथा कार्यक्रम तथा बजेटमा भने यसलाई निरन्तरता दिइँदै आएको थियो।

पछिल्ला तीन आर्थिक वर्ष नीति तथा कार्यक्रममा र दुई वर्ष बजेटमा समेत कार्यक्रम समावेश गरिएको थियो। यसपटक नीति तथा कार्यक्रमबाट हटाइएकाले बजेटमा पनि नपर्ने संकेत देखिएको छ। सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले कार्यक्रमका लागि बजेट विनियोजनबारे हालसम्म कुनै ठोस निर्णय नभएको बताए। 'पहिलेका छलफलमा मुख्यमन्त्रीले समाधानसहित प्रस्ताव ल्याउन भन्नुभएको थियो। त्यसैले बजेटमा आउँदैन भन्न सकिँदैन,' उनले भने–तर, हालसम्म ठोस छलफल अगाडि नबढेकाले यसबारे निश्चित भन्न सकिने अवस्था छैन।

सामाजिक विकास मन्त्रालयका अनुसार २०७८/०७९ सम्म कार्यक्रमका लागि ४० करोड ६२ लाख एक हजार ८ सय २५ रुपियाँ स्थानीय तहलाई हस्तान्तरण गरिएको थियो। तर, त्यसयता प्रदेश सरकारले रकम जम्मा गरेको छैन। मन्त्रालयअन्तर्गत् महिला तथा बालबालिका शाखाकी महिला विकास अधिकृत रितु शाहीका अनुसार २०८१/०८२ सम्म खुलेका खाताका लागिमात्र प्रदेश सरकारले एक अर्ब १४ करोड ६ लाख भुक्तानी गर्न बाँकी छ। चालु आवसम्म जन्मिएका छोरीहरुको संख्या जोड्दा दायित्व अझ बढ्नेछ। कार्यक्रम अन्यौलमा परेपछि स्थानीय तहबाट विवरणसमेत मागिएको छैन।

*दायित्व घटाउन सुझाव*

कार्यक्रम सुरु गर्दा सरकारले छोरीमाथिको विभेद अन्त्य, बालविवाह न्यूनीकरण र माध्यमिक शिक्षा सुनिश्चित गर्ने उद्धेश्य राखेको थियो। प्रारम्भिक अनुमानअनुसार कर्णालीमा वार्षिक १२ हजार छोरी जन्मिने र सोही संख्यामा नयाँ खाता खुल्ने अपेक्षा गरिएको थियो। मध्यपश्चिम विश्वविद्यालयका उपप्रध्यापक ललितजंग शाहीका अनुसार यही दरमा खाता थपिँदै गए वर्तमान मोडलले प्रदेश सरकारलाई दीर्घकालीनरुपमा ठूलो आर्थिक दायित्व सिर्जना गर्छ।

उनका अनुसार छोरीहरुको हितका लागि ल्याइएको कार्यक्रम सकारात्मक भए पनि आर्थिकरुपमा दीगो हुने गरी पुन: संरचना आवश्यक छ। वार्षिक १२ हजार खाता खुलेमा पहिलो वर्ष सरकारले ७ करोड ८० लाख र त्यसपछि प्रत्येक वर्ष कम्तिमा ७ करोड २० लाख थप जम्मा गर्नुपर्ने हुन्छ। कार्यक्रम सुरु भएको सात वर्षपछि लाभग्राहीको संख्या ८४ हजार पुग्ने र एक वर्षमै करिब ५१ करोड जम्मा गर्नुपर्ने अवस्था आउनेछ। १७ औं वर्षमा वार्षिक दायित्व एक अर्ब एक करोड ४० लाख पुग्ने अनुमान छ भने २० औं वर्षमा उक्त रकम एक अर्ब ४४ करोड ६० लाख नाघ्नेछ।

२० वर्ष अवधिमा सरकारले जम्मा गर्ने कुल रकम १५ अर्ब २४ करोड पुग्ने आँकलन गरिएको छ, जुन हालको प्रदेश बजेटको झण्डै आधा बराबर हो। हालको व्यवस्थाअनुसार खातावालाले २० वर्षपछि मात्र रकम झिक्न पाउँछन्। यसले दुई दशकसम्म ठूलो रकम निष्क्रिय रहने अवस्था सिर्जना गर्ने शाहीको भनाइ छ। उनका अनुसार उक्त रकमलाई सुरक्षित लगानीमा परिचालन गरी प्राप्त प्रतिफलसमेत खातामा जोड्न सके सरकारको दायित्व कम गर्न सकिन्छ।

महिला तथा बालबालिका अधिकारकर्मी पार्वती शाही कार्यक्रमलाई परिमार्जन गरेर निरन्तरता दिनुपर्ने बताउँछिन्। उनका अनुसार कर्णालीमा बालविवाह र लैंगिक विभेद अझै गम्भीर समस्या भएकाले समाधानका लागि ल्याइएको कार्यक्रम व्यवस्थित बनाउनु उपयुक्त हुन्छ। प्रदेशसभाको प्रमुख प्रतिपक्ष नेपाली कम्युनिष्ट पार्टी पनि कार्यक्रमलाई परिमार्जन गरेर लैजानुपर्ने पक्षमा छ। नेकपाका सचेतक कृष्ण जीसी सरकारलाई नियमित आर्थिक दायित्व कम हुने र लाभग्राहीहरुलाई लाभमा कमी नहुने गरी कार्यक्रम अगाडि बढाउनुपर्ने बताउँछन्। बालिका अधिकार अभियन्ता शर्मिला बीसी पनि कार्यक्रमको पुनरावलोकन आवश्यक रहेको बताउँछिन्। उनका अनुसार यति ठूलो रकम प्रत्यक्ष बचत खातामा जम्मा गर्नुको सट्टा पोषण, शिक्षा, स्वास्थ्य, पाँच वर्षमुनिका बालिकाको विकास तथा जनचेतनामूलक कार्यक्रममा खर्च गर्नु बढी प्रभावकारी हुनसक्छ।

*सरकार फेरियो, मोडालिटी फेरिएन*

बजेट निर्माणमा संलग्न एक कर्मचारीका अनुसार उक्त कार्यक्रम प्रदेश सरकारका लागि न बोक्न सकिने, न बिसाउन मिल्ने अवस्थाको विषय बनेको छ। प्रदेशसभामा रहेका अधिकांश दल कार्यक्रमको मोडालिटी परिवर्तन गर्न सहमत भए पनि नयाँ ढाँचा निर्माणमा ठोस पहल हुन सकेको छैन। तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाही नेतृत्वको सरकारले २०७६ पुस १ गते कालिकोटकी एक बालिकाको खाता खोलेर कार्यक्रम सुरु गरेको थियो। सुरुवातकै बेला प्रतिपक्ष र सत्तापक्षकै केही सांसद्ले प्रदेशले धान्न नसक्ने लोकप्रिय कार्यक्रम भएको भन्दै आलोचना गरेका थिए। पछि २०७८ मा मुख्यमन्त्री बनेका जीवनबहादुर शाहीले कार्यक्रम कार्यान्वयन रोके। उनले दीर्घकालीन आर्थिक दायित्व र रकम परिचालनको स्पष्ट योजना नभएको भन्दै परिमार्जनपछि मात्र कार्यान्वयन गर्ने बताएका थिए। तर, उनको कार्यकालमा नयाँ ढाँचा तयार हुन सकेन।

त्यसपछि मुख्यमन्त्री बनेका राजकुमार शर्मा नेतृत्वको सरकारले बजेटमा निरन्तरता दिए पनि कार्यान्वयन अघि बढाएन। हाल मुख्यमन्त्री यमलाल कँडेल नेतृत्वको सरकार सत्तामा छ। सरकारले कार्यक्रमलाई ऐनमार्फत् परिमार्जित गरी सञ्चालन गर्ने बताउँदै आए पनि आगामी आवको नीति तथा कार्यक्रमबाट हटाएको छ।

## ट्रेड युनियन खारेजीमा सरकारलाई बाटो खुला

सन्देश संवाददाता

काठमाडौं/ट्रेड युनियन खारेज गर्ने निर्णयविरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ। प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरु डा. नहकुल सुबेदी, बिनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मापौडेलको संवैधानिक इजलासमा जेठ २० गते सुरु भएको सुनुवाइ सकिएपछि यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको हो।

अदालतको आदेशसँगै ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन गर्न सरकारलाई बाटो खुलेको छ। यसअघि बैशाख २८ गते तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधानमल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयाँल, बिनोद शर्मा र शारदा सुबेदीको संवैधानिक इजलासमा सुनुवाइ गर्दै रायबाझी आदेश गरेको थियो। तत्कालीन कायममुकायम प्रधानन्यायाधीश मल्ल, न्यायाधीशहरु रेग्मी र फुयाँलले सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेका थिए भने न्यायाधीशहरु बिनोद शर्मा र शारदा सुबेदीले भने फरक मत राख्दै अपूरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाएका छन्।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि बोलाउँदै लिखित जवाफ पेस गर्न भनेको थियो। नेपाल निजामती कर्मचारी संगठन को तर्फबाट अख्तियारप्राप्त अध्यक्ष भवानी दाहालसमेतले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न माग गरिएको थियो।

# विश्वभर प्रशंसामा नेपाली बाघको *एलोप्यारेन्टिङ*



सन्देश संवाददाता

काठमाडौं/नेपालको वन्यजन्तु संरक्षणमा प्राप्त सफलताले विश्वको ध्यान तानेको छ। विशेषगरि बर्दिया राष्ट्रिय निकुञ्ज र त्यहाँस्थित बुर्हान वाइल्डरनेस क्याम्पलाई समेटेर तयार पारिएको बीबीसीको नयाँ वन्यजन्तु श्रृंखला *टाइगर आइल्याण्ड*ले नेपालको पर्यावरण पर्यटन र वन्यजन्तु संरक्षण प्रयासलाई अन्तरष्ट्रियस्तरमा नयाँ उचाईमा पुऱ्याएको हो।

७ जुन २०२६ मा बेलायती प्रसारण संस्था बीबीसी वन र बीबीसी आईप्लेयरमार्फत् विश्वव्यापीरुपमा प्रसारण भएको नयाँ वन्यजन्तु श्रृंखला *टाइगर आइल्याण्ड*ले नेपालको संरक्षण प्रयासलाई अन्तर्राष्ट्रिय मञ्चमा एक उत्कृष्ट नमुनाको रुपमा प्रस्तुत गरेको छ। बीबीसी स्टुडियोज न्याचुरल हिस्ट्री युनिटद्वारा निर्मित ऐतिहासिक श्रृंखलाले बर्दिया राष्ट्रिय निकुञ्जमा बाघको संख्यामा भएको वृद्धि र त्यहाँको जैविक विविधतालाई विश्वसामु उजागर गरेको हो।

बर्दियाको घनाजंगलमा १९ दिन लगाएर छायांकन गरिएको श्रृंखलामा वन्यजन्तु विज्ञान जगत्का लागि एउटा अत्यन्त महत्वपूर्ण र दुर्लभ खोज सार्वजनिक गरिएको छ। दुई बाघ आमाहरुले एकअर्काका बाच्छा (डमरु) को साझारुपमा हेरचाह गरेको दृष्य वृत्तचित्रमा कैद गरिएको छ। यसलाई वैज्ञानिक भाषामा *एलोप्यारेन्टिङ* भनिन्छ। जंगली बाघहरुमा सहकारी अभिभावकत्वको यस्तो व्यवहार यसअघि कहिल्यै औपचारिकरुपमा छायांकन गरी दस्तावेजीकरण गरिएको थिएन।

यस अन्तर्राष्ट्रिय उपलब्धिमा बर्दियाका स्थानीय प्रकृति मार्गदर्शकहरुको भूमिका विशेष उल्लेखनीय छ। बर्दियास्थित बुर्हान वाइल्डरनेस क्याम्पकी सुशीला महतारा, मञ्जु महतारा र रञ्जु महताराले बीबीसीको छायांकन टोलीलाई जंगलभित्र विशेषज्ञ मार्गदर्शन प्रदान गरेका थिए। उनीहरुको प्रकृतिप्रतिको अथाह ज्ञान र धैर्यताकै कारण ऐतिहासिक दृष्य कैद गर्न सम्भव भएको हो। बीबीसीको पर्दामा यी नेपाली महिला मार्गदर्शक स्वयम् देखिनुले बर्दिया र नेपालको पर्यापर्यटनमा स्थानीय समुदायको सहभागिता र नेतृत्वलाई गौरवमयरुपमा स्थापित गरिदिएको पाइएको छ।

बीबीसी श्रृंखलाको प्रसारणसँगै प्रख्यात बेलायती पत्रिका *द टेलिग्राफ*मा पनि प्रकृतिविद् केट हम्बलले बर्दिया र बुर्हान क्याम्प बारे एक विशेष फिचर प्रकाशित गरेकी छन्। कर्णाली नदीतट र खाता कोरिडोरमा अवस्थित बुर्हान वाइल्डरनेस क्याम्पले कुनै छाप नछोड्ने सिद्धान्तमा आधारित भएर हरित पर्यटनलाई प्रवर्द्धन गर्दै आएको छ। सन् २०२४ मा *टाइम* म्यागजिनले समेत विश्वका उत्कृष्ट गन्तव्यहरुको सूचीमा राखेको क्याम्पले न्यूनतम् वातावरणीय असर साथ स्थानीय थारु समुदायको उत्थान र वन्यजन्तु संरक्षणमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएको छ।

यस उच्चस्तरीय बीबीसी श्रृंखला र अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुको चर्चाले नेपाललाई एक सफल वन्यजन्तु संरक्षण राष्ट्रका रुपमा विश्वमा थप चिनाउने अपेक्षा गरिएको छ। यसले बर्दिया राष्ट्रिय निकुञ्जमा विश्वभरका पर्यटक र संरक्षणप्रेमीहरुको चासो बढाउनुका साथै नेपालको पर्यावरण पर्यटनलाई नयाँ उचाईमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने बुर्हान वाइल्डरनेस क्याम्पद्वारा जारी विज्ञप्तिमा भनिएको छ। वातावरणमैत्री पर्यटन पहलहरुले नेपाललाई भविष्यमा विश्वकै नेतृत्वदायी वन्यजन्तु पर्यटकीय गन्तव्य बनाउने आधार तयार गरेको बुर्हान वाइल्डरनेस क्याम्पको भनाइ छ।

# विदेशमा लगानीको विषयमा सरकारको युटर्न

सन्देश संवाददाता

काठमाडौं/सरकारले नेपाली नागरिकले वैधानिकरुपमै विदेशमा लगानी गर्न पाउने बाटो खुला गर्न लागेको छ। अघिल्ला सरकारले अघि बढाएको विदेशमा लगानी खुला गर्ने नीतिलाई वर्तमान सरकारले टुंगोमा पुऱ्याउन लागेको हो।

तत्कालीन प्रधानमन्त्री केपी शर्माओलीले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिस कार्यान्वयनका लागि बनेको कार्ययोजनाले विदेशमा सशर्त लगानी खुलाको निर्णय गरेको थियो। त्यसपछि बनेको सुशीला कार्की नेतृत्वको चुनावी सरकारले पनि यसलाई अपनत्व लिएको थियो भने हालका अर्थमन्त्री स्वर्णिम वाग्लेले आव २०८३/०८४ को बजेटमा यसलाई समावेश गरेका छन्।

'नेपाली नागरिकले विदेशमा लगानी गर्न पाउने व्यवस्थालाई सहज बनाउने छौं,' उनले बजेटमार्फत् उल्लेख गरेका छन्। बजेटपछिका कार्यक्रममा पनि मन्त्री वाग्लेले विदेशमा लगानी गर्न दिने विषयको मोडालिटी आगामी आर्थिक वर्षभित्र बनिसक्ने बताएका छन्। विगतमा पुँजी पलायनको जोखिम रोक्न नसकिने भन्दै अनुदार रहेको सरकार पछिल्ला दिनमा भने युटर्न भएको हो। सरकारले गरेको नीतिगत् सुधार सँगै विज्ञहरुको सुझावसमेतले सरकार विदेशमा लगानी खुला गर्ने सन्दर्भमा उदार देखिन थालेको छ। यसका कारण नेपाली नागरिकलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने विद्यमान कानुनी व्यवस्था परिमार्जनका लागि सकारात्मक वातावरण बन्दै गएको छ।

सरकारले अध्यादेशमार्फत् सीमित क्षेत्रमा लगानी खुला गर्ने बाटो खुला गरिसकेको थियो। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि विदेशमा लगानी खुला गर्नुपर्ने सुझावसहित प्रतिवेदन सरकारलाई बुझाएको थियो। पूर्वसचिव रामेश्वर प्रसाद खनाल नेतृत्वको आयोगको प्रतिवेदनमा मुलुकमा हाल लागु रहेको विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गर्दै नयाँ ऐन नै जारी गर्नुपर्ने सुझाव समेटिएको थियो। सरकारले २०८१ बैशाखमा ल्याएको अध्यादेशमा पनि घुमाउरो बाटोबाट विदेशमा लगानी आंशिकरुपमा खुला गरिएको थियो। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा गरिएको संशोधनअनुसार कम्पनीले विदेशमा प्रविधि हस्तान्तरण गर्नसक्ने सुबिधा दिइएको थियो।

हाल नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा आफ्नो शाखा वा सम्पर्क कार्यालय खोल्न वा दर्ता गर्न लगानी गर्नसक्ने व्यवस्था छ। सूचनाप्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योगलाई भने स्पष्टरुपमा लगानी खुलाका लागि सुबिधा दिइएको छ भने कुनै नेपाली नागरिकले आफू विदेशमा रहँदा–बस्दाको अवधिमा गरेको आर्जनबाट प्राप्त रकमसमेत लगानी गर्न पाउने छ

क्यान महासंघ पूर्व अध्यक्ष बिनोद ढकाल विदेशमा नेपालीले लगानी गर्ने विषय समग्ररुपमा हेर्दा नराम्रो भन्न नमिल्ने भए पनि त्यसभन्दा बढी नेपालमै लगानी गर्ने वातावरण बनाउन सरकारलाई सुझाव दिन्छन्। 'विदेशमा लगानी गर्न सक्ने भनेको ठूला उद्योगको हितमा होला। तर, साना तथा मझौला उद्योगका लागि नेपालमै ट्याक्स होलिडे, पूर्वाधार विस्तारमा सरकारको ध्यान जानुपर्छ,' उनी भन्छन्–सूचनाप्रविधिमा सहजीकरण गरेर नेपालमै काम ल्याउन सक्ने वातावरण बनाउनु जरुरी छ।

# अर्थमन्त्री भेट्न नपाइने सूचना प्रवेशद्वारमै



सन्देश संवाददाता

धनगढी/सुदूरपश्चिम प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माणको अन्तिम चरणमा प्रवेश गरेको छ। मन्त्रालयहरुले मातहतका कार्यालयबाट आएका योजनाहरुलाई अन्तिम रुप दिइरहेका छन्। यसबेला प्रदेश सरकारले नेता, कार्यकर्ता र सर्वसाधारणलाई मन्त्री भेट्न रोक लगाएको छ। आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयले मन्त्रीसँगको प्रत्यक्ष भेटघाट बन्द गरिएको भन्दै मन्त्रालयको प्रवेशद्वारमै सूचना टाँस गरेको हो।

बजेट निर्माणको समयमा मन्त्रालयहरुमा बढ्ने भीडभाड र विभिन्न पक्षबाट बजेट माग्दै आउने दबाब व्यवस्थापन गर्न यस्तो निर्णय गरिएको मन्त्रालयहरुले जनाएका छन्। हरेक वर्ष बजेट निर्माणको बेला जनप्रतिनिधि, राजनीतिक दलका नेताकार्यकर्ता, स्थानीय तहका प्रतिनिधि तथा विभिन्न समूह मन्त्रालय धाउने गरेका छन्। आफूअनुकूल योजना समावेश गराउन तथा बजेट सुनिश्चित गर्न मन्त्रालयमा हुने चापका कारण कामकाज प्रभावित हुने गरेको गुनासो सरकारी अधिकारीहरुको छ।

सुदूरपश्चिम प्रदेशमा विगतदेखि नै पहुँच र प्रभावका आधारमा योजना बाँडफाँट गराउने, योजना खरिदबिक्री हुने तथा बजेट वितरणमा राजनीतिक हस्तक्षेप हुने आरोप लाग्दै आएको छ। यी आलोचनालाई सम्बोधन गर्न प्रदेश सरकारले चालु वर्षदेखि आयोजना छनौटका लागि कडा मापदण्ड लागु गरेको छ। उक्त मापदण्डअनुसार प्रदेश सरकारले कायान्वयन गर्ने कुनै पनि आयोजनाको न्यूनतम् लागत २५ लाख हुनुपर्ने छ। प्रदेश लोकमार्गका आयोजनाका लागि कम्तिमा तीन करोड लागत आवश्यक पर्नेछ।


प्रदेश सहायक सडक, तराई क्षेत्रका सिचाई आयोजनामा न्यूनतम् एक करोड लागत तोकिएको छ। खेलकुद, स्वास्थ्य, पर्यटन, कृषि तथा धार्मिक पूर्वाधारका आयोजनाका लागि न्यूनतम् ५० लाख, शिक्षातर्फ ३२ लाख र खानेपानी आयोजनाका लागि ३० लाख लागतसीमा निर्धारण गरिएको छ। पहाडी जिल्लाका सिचाई तथा भूमिगत् सिचाई आयोजनाका लागि भने २५ लाखको सीमा कायम गरिएको छ। प्रदेश सरकारले आगामी वर्षको बजेटमा योजना जोडिएर आएका शीर्षकमा समेत बजेट विनियोजन नगर्ने जनाएको छ।

उक्त मापदण्डमा नपर्ने योजनामा माग बजेट माग आउने, दबाब पर्ने भन्दै मन्त्रीसँग भेटघाट बन्द गरिएको जनाएको छ। बजेट निर्माणको अन्तिम तयारी भइरहेका बेला मन्त्रालयहरुले भेटघाट नै बन्द गरेपछि यस वर्ष योजना वितरणमा हुने राजनीतिक दबाब नियन्त्रण हुनसक्ने सम्भावना देखिएको छ। आर्थिक मामिला मन्त्रालयले प्रदेश सांसद्हरुसँग समेत योजना माग गरेको छ। निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न नपाउने सर्वोच्च अदालतको निर्णयपछि प्रदेश सरकारले सांसद्हरुसँग सोझै योजना माग गर्दै आएको छ।

प्रत्यक्ष निर्वाचित सांसद्सँग पाँच करोड र समानुपातिक सांसद्सँग तीन करोडको योजना माग भएबमोजिम आफूले पेस गरेको एक सांसद्ले बताए। प्रदेश नीति तथा योजना आयोगबाट २२ अर्ब ६३ करोड ६७ लाख ६६ हजारको बजेट सिलिङ पाएको प्रदेश सरकारले ३० अर्ब हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ। गतवर्ष समेत प्रदेश सरकारले २४ अर्बको सिलिङ पाउँदा ३३ अर्ब बजेट ल्याएको थियो। आगामी आर्थिक वर्षमा प्रदेश सरकारले युवा पलायन रोक्न उद्यम र कृषि उत्पादनसँग जोड्ने नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने भएको जनाएको छ।

प्रदेश सरकाले *पोखौं पसिना देशमै हाँसेर* भन्ने मूल नारालाई मार्गदर्शनका रुपमा ग्रहण गर्दै युवा पलायन रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्धेश्यले कृषि अध्ययन गरेका, वैदेशिक रोजगारीबाट फर्किएका र नवयुवाहरुको कृषि उद्यमशीलतामा विकास गरी युवामैत्री, दीगो र व्यवसायमुखी कृषिप्रणाली प्रवर्द्धन गरिने जनाएको छ। प्रदेशसभामा बजेट प्रस्तुत गर्ने समय ३ दिनमात्र बाँकी रहँदा उक्त नीति तथा कार्यक्रम प्रदेशसभाबाट पारित भइसकेको छैन।

प्रदेश सरकारले बजेट निर्माणको चटारो परेको बेला मुख्यमन्त्री कमलबहादुर शाहविरुद्ध उनकै दल नेपाली कांग्रेसका सांसद्हरुले अविश्विास प्रस्ताव दर्ता गराएपछि नीति तथा कार्यक्रम पारित हुन नसकेको हो।




अवैध चोरी निकासी नियन्त्रण गरौं
❖ गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने / ल्याउने कार्य रोकौं,
❖ शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
❖ वैधानिक प्रक्रियाबाट आयात–निर्यात गरौं,
❖ कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
❖ सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
❖ प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,
*आर्थिक सुशासन कायम गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

ईतिहासमा गौरव बोकेको, गुणस्तरीय बिश्वाशिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भबिष्य"
भुटनदेवी माध्यमिक बिद्यालयमा
!! भर्ना खुल्यो !!
अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्, अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित
बिषयहरू :
▶ बिज्ञान बिषय (Science)
▶ ब्यवस्थापन बिषय (Management)
▶ होटल म्यानेजमेण्ट (Hotel Management)
▶ सिभिल ईन्जिनियरिङ बिषय (Civil Engineering)
▶ शिक्षा र कम्प्युटर बिषय (Education & Computer)
॥ ॥ ॥
शैक्षिक उष्कृटताको लामो ईतिहास बोकेको यस बिद्यालय हाल ISO Certification प्रक्रियामा अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको शिक्षातर्फ उन्मुख छ।
हाम्रा बिशेषताहरू :
◆ दक्ष तथा अनुभवी शिक्षकहरु ◆ ब्यवस्थित कक्षा कोठाहरु
◆ आधुनिक प्रयोगशाला ◆ प्रबिधिमैत्री शिक्षण सिकाई
◆ उत्कृष्ट नतिजा ◆ पर्याप्त खेल मैदान
◆ GPA अनुसार पूर्ण छात्रबृत्तिको ब्यवस्था भएको
तपाईको सपना र सफलताको यात्रामा
संधै एक कदम अगाडि
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्
थप जानकारी तथा भर्नाको लागि बिद्यालयमा सम्पर्क राख्नुहोला।
भुटनदेवी माध्यमिक बिद्यालय
सम्पर्क: ०५७–५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने